# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सामाजिक विकास महाशाखा
सृजनाचोक, पोखरा

फोन नं. ०६१५३१३३५
इमेलpokharamunsamajikabikash
gmail.com


प.सं. ०८१।०८२
च.नं.

मिति : २०८१।०९।१७

## सूचना

विषय : समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत हुन आउने सम्बन्धमा ।

उपर्युक्त विषयमा बालबालिका सम्बन्धि ऐनको २०७५ दफा ६२ को उप- दफा (१), बालबालिका सम्बन्धि नियमावली २०७८ को नियम ८३ को उपनियम (१) र (२), पोखरा महानगरपालिकाको बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७४ को दफा (२३) उपदफा (१) र (२) बमोजिम समाजसेवी तथा बालमनोविज्ञको रुपमा बालअधिकार समितिमा सूचिकृत हुनका लागि तपसिलमा उल्लेखित योग्यता पुगेका बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था तथा व्यक्तिले पोखरा महानगरपालिका सामाजिक विकास महाशाखा सृजना चोकमा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस ) दिन भित्र तपसिलका कागजात सहित निवेदन पेश गर्नु हुन जानकारी गराईन्छ ।

निर्मला शर्मा
निर्देशक (अधिकृत दशौं तह)
सामाजिक विकास महाशाखा

निर्देशक
सामाजिक विकास महाशाखा

तपसिल

१.व्यक्तिगत तथा संस्थागत विवरण ( सि.भि.)

२.नगरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

३. नैतिकपतन तथा फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा दोषी नठहरिएको प्रहरी रिपोंट ।

४. बडा कार्यालयबाट असल चरित्र भएको सिफारिस पत्र ।

५.समाजसेवीका रुपमा सूचीकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतीर्ण गरि सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा एक महिना तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि ।

६.बालमनोविज्ञको रुपामा सूचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरि मान्यता प्राप्त संस्थाबाट तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि ।